"सिरीजङ्गाको गौरव, कन्चनजङ्घा"

# सिरीजङ्गा राजपत्र


सिरीजङ्गा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड ५) ताप्लेजुङ, कोशी प्रदेश, नेपाल, असोज १७ गते २०८० साल (संख्या०७


## भाग १

सिरीजङ्गा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, कोशी प्रदेश, नेपाल।

सिरीजङ्गा गाँउपालिकाको गाँउ सभा अधिवेशनले पारित गरेको तल लेखिए बमोजिमको ऐन

सम्वत् २०८० सालको ऐन/नियमावली/ निर्देशिका /कार्यविधि/मापदण्ड नं. ०७

# सिरीजङ्घाको सान, उद्यमशील किसान कार्यक्रम सञ्चालन कार्यविधि, (पहिलो संशोधन) २०८०

**प्रमाणीकरण मितिः २०८०।०६।१७**

**प्रस्तावना :** सिरीजङ्घा गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (सातौं) द्धारा पारित नीति तथा कार्यक्रमको बुँदा नं. (१) मा उल्लिखित **"सिरीजङ्घाको सान, उद्यमशील किसान"** नामक कार्यक्रम गाउँपालिका क्षेत्रभित्र कार्यान्वयन गर्दा वास्तविक कृषक एवम् कृषि क्षेत्र मार्फत उद्यमशील हुन चाहने कृषकहरुको पहिचान टोलस्तरबाटै गर्दै कृषकसँगको लागत साझेदारीमा कृषि क्षेत्रका लागि विनियोजित वार्षिक बजेट कार्यान्वयन गरी अनुदान वितरणमा पारदर्शिता ल्याउन वाञ्छनीय भएकाले,
सिरीजङ्घा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सिरीजङ्घा गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "सिरीजङ्घाको सान, उद्यमशील किसान कार्यक्रम सञ्चालन कार्यविधि, (पहिलो संशोधन) २०८०" रहेको छ।
(२) यो कार्यविधि सिरीजङ्घा राजपत्रमा प्रकाशन भएपछि सिरीजङ्घा गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-**
(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम छनोट भएका कृषकहरुलाई स्वीकृत बजेटको परिधिभित्र रही कार्यालयले उपलब्ध गराउने अधिकतम दुई लाख रुपैंयासम्मको भौतिक पूर्वाधार निर्माण अनुदान वा वस्तुगत अनुदान वा नगद अनुदानमध्ये सबै वा कुनै एक मात्र अनुदानलाई सम्झनुपर्छ।
(ख) "कार्यक्रम" भन्नाले सिरीजङ्घा गाउँपालिकाको गाउँ सभा अधिवेशन तथा गाउँ कार्यपालिकाले आर्थिक विकास तर्फ विनियोजन गरेको एक वडा एक उत्पादन कार्यक्रम सम्झनुपर्छ र, सो शब्दले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने कृषक लक्षित कार्यक्रमलाई समेत सम्झनुपर्छ।
(ग) एक वडा एक उत्पादन भन्नाले स्थानिय सम्भाव्यताका आधारमा सम्भाव्य बाली/बस्तुको उत्पादन गर्ने यसै खण्डको (ठ) बमोजिमका क्षेत्रफल/सँख्यामा रहेको गाउँस्तरमा गरेको साना व्यवसायिक उत्पादन केन्द्र सम्झनु पर्दछ । जसमा वडाले कुनै एक वा बढीमा कुनै दुई बाली छनोट गरी जम्मा उत्पादित बस्तुको कम्तिमा ३०% बजार पहुँच बढाउने छ ।
(घ) "कार्यालय" भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोकलाई सम्झनुपर्छ।
(ङ) "कार्यपालिका" भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।
(च) "कार्यविधि" भन्नाले सिरीजङ्घाको सान उद्यमशील किसान कार्यक्रम सञ्चालन कार्यविधि, (पहिलो संशोधन) २०८० लाई सम्झनुपर्छ।

(छ) "कृषक" भन्नाले सिरीजङ्घा गाउँपालिकाका वडाभित्रका टोलमा वर्षको कम्तिमा ६ महिना कृषि पेशा अवलम्बन गर्दै आएका पुराना कृषक वा दर्तावाल कृषक समुह वा दर्तावाल कृषक फर्म वा सहकारी संस्था वा कृषि क्षेत्र मार्फत उद्यमशील हुन चाहने स्थानीय टोलबासी कृषकलाई सम्झनुपर्छ।

(ज) "गाउँपालिका" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङलाई सम्झनुपर्छ।

(झ) "टोल विकास संस्था" भन्नाले भन्नाले सिरीजङ्घा गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी ऐन, २०७६ बमोजिम गाउँपालिका क्षेत्रभित्र गठित टोल विकास संस्थालाई सम्झनुपर्छ।

(ञ) "वडा" भन्नाले सिरीजङ्घा गाउँपालिका मातहतका १ देखि ८ सम्मका वडालाई सम्झनुपर्छ।

(ट) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त कृषक/कृषक समूह/कृषि फर्महरु सम्झनु पर्दछ ।

(ठ) "व्यवसायिक बाली/बस्तु" भन्नाले सिरीजङ्घा गाउँपालिका मातहतका कुनैपनि वडामा देहाय बमोजिमको खेतीलाई सम्झनुपर्छ।

तालिका १: सञ्चालनका आधारहरु

| बाली/बस्तु | ईकाई | वडामा समेटिनु पर्ने परिमाण | कैफियत |
|---|---|---|---|
| खाद्यान्न बाली | हेक्टर | १० | |
| रैथाने बाली, आलु र तरकारी | हेक्टर | ५ | |
| दलहन, तेलहन, फलफूल बाली, मसला वाली | हेक्टर | ५ | |
| सिताके च्याउ | मुढा सँख्या | ५००० | |
| कन्ये तथा गोब्रे च्याउ | के.जी. | १००० | |
| मौरी | घार सँख्या | २०० | |
| प्लास्टिक घरमा खेती | वर्ग मिटर | ६००० | |
| माछा | वर्ग मिटर | १५०० | |
| गाई | संख्या | १०० | |
| भैसी | संख्या | ८० | |
| बाखा | संख्या | ६०० | |
| बंगुर | संख्या | ६० | |

नोट : वडाले कुनै दुई बाली/बस्तु छनोट गरी कार्यक्रम सन्चालन गर्दा कुनै एक बाली/बस्तुको निर्धारित मापदण्डको कम्तिमा ५०% क्षेत्रफल समेटनुपर्नेछ ।

**३. <u>कृषक छनोटका लागि सूचना प्रकाशन गर्नु पर्ने</u>** : (१) यस कार्यविधि बमोजिमको कृषक लक्षित कार्यक्रम सञ्चालन गर्न सम्बन्धित वडाले अनुसूची १ बमोजिमको ढाँचामा कुनै एक वा बढीमा कुनै दुई बाली छनोट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बाली छनौट पश्चात् गाउँपालिकाले अनुसूची २ बमोजिमको ढाँचामा कम्तीमा पैतींस दिनको म्याद दिई वडाबासी कृषक लक्षित सूचना प्रकाशित गर्नु पर्नेछ।

(३) कार्यक्रममा सहभागिता जनाउन इच्छुक वडाबासी कृषकले अनुसूची ३ बमोजिमको ढाँचामा सम्बन्धित वडामा आवेदन तथा अनुसूची ४ बमोजिमको प्रस्तावना पेश गर्नु पर्नेछ।

(४) कुनै वडाले उपदफा (१) बमोजिमको समयावधिमा कुनै एक बाली छनोट गर्न कठिनाई भएमा वा कृषकहरुको माग बमोजिम कृषिजन्य सामाग्रीहरु तथा विउ/विरुवा खरिद गरि कृषहरुलाई वितरण गर्ने निर्णय गरेमा सो कार्य आर्थिक विकास शाखाबाट सोझै खरिद गरि कृषकहरुलाई वितरण समेत गर्न सकिनेछ ।

**४. <u>कृषक छनोटको सूचकहरु</u>** : प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन कार्य अनुसुचि ५ बमोजिमको प्रस्ताव मूल्याङ्कनको आधारमा गरिनेछ । प्राप्त प्रस्तावहरुको आधारमा आर्थिक विकास शाखाबाट स्थलगत निरीक्षण समेत गरी अनुसूची ५ बमोजिमको कार्यक्रम छनौट समितिमा पेश गर्नुपर्ने छ ।यसरी पेश हुन आएका प्रस्तावहरु समितिको बैठकबाट छनौट गरिनेछ ।

**५. <u>अनुदान पाउन योग्य कृषक छनोट गरी नामावली प्रकाशन गर्नु पर्ने</u>** : (१) यस कार्यविधिको अनुसूची ५ बमोजिमको ढाँचामा अनुदान प्राप्तिमा आवेदन गर्ने कृषकहरुले प्राप्त गर्ने अंक गणना सहितको विवरण प्राप्त भए पश्चात् वडागतरुपमा स्वीकृत लाभग्राही लक्षित वार्षिक बजेट समेतलाई विश्लेषण गरी अनुसूची ६ बमोजिमको मूल्याङ्कन समितिले अनुदानका लागि योग्य कृषक छनोट गर्नु पर्नेछ।

(२) सम्बन्धित मूल्याङ्कन समितिले अनुदानका छनोट भएका कृषकको सम्पूर्ण विवरण अनुसूची ७ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ।

**६. <u>अनुदानका लागि छनोट भएका कृषकले कार्यालयसँग सम्झौता गर्नु पर्ने</u>** : (१) अनुसूची ५ बमोजिमको विवरण सार्वजनिक गरेको मितिले तोकिएको समयावधिभित्र अनुदानका लागि छनोट भएको कृषकले कार्यालयले तोकेको ढाँचामा अनुसूची ८ बमोजिमको अनुदान सम्झौता गरी सक्नु पर्नेछ। आर्थिक विकास शाखाको वार्षिक वजेट तथा कार्यक्रममा स्विकृत भएको अनुदान कार्यक्रमको लागि बजेट व्यवस्था भए बमोजिम माग र औचित्यताको आधारमा छनौट समितिको निर्णय बमोजिम २५-७५ प्रतिशत सम्म अनुदान उपलब्ध हुनेगरी कार्यक्रम संचालन गरिनेछ । छनौटमा परेका अनुदानग्रही सँग अनुमानित लागत रकमका आधारमा कार्यक्रम ईष्टिमेट बनाई ईष्टिमेट अनुसारको सम्झौता गरिनेछ र सोही बमोजिम अनुदान दिईने छ ।कार्यक्रम अवधि र क्रियाकलापको विवरण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको समयावधिमा अनुदान सम्झौता गर्न नआउने कृषकलाई योग्यताक्रमबाट हटाई वैकल्पिक योग्यताक्रममा रहेका कृषकसँग कार्यालयले अनुदान सम्झौता गर्न सक्नेछ।
(३) उपदफा (१) तथा उपदफा (२) बमोजिमको समयावधिमा अनुदान सम्झौता नगर्ने कृषकलाई चालु आर्थिक वर्षमा कार्यालयबाट यस कार्यविधि बमोजिमको अनुदान वितरणमा रोक लगाउन सक्नेछ।

**७. <u>अनुदान उपलब्ध गराइने</u> :** (१) यस कार्यविधिको दफा ६ बमोजिमको सम्झौता अवधिभित्र शत् प्रतिशत कार्य सम्पन्न गर्ने कृषकलाई देहायमा उल्लिखित शर्तका आधारमा सम्झौता बमोजिमको अनुदान कार्यालयले उपलब्ध गराउनेछ।
(क) सम्झौता बमोजिमको काम सम्पन्न भएको भनी सम्बन्धित प्राविधिक कर्मचारीले अनुसूची ११ बमोजिमको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको हुनु पर्ने।
(ख) सम्बन्धित वडाका वडा अध्यक्षले अनुदान रकम भुक्तानीका लागि कार्यालयमा सिफारिस गरेको हुनु पर्ने। साथै कम्तिमा त्रैमासिक रुपमा प्रगति विवरण उपलब्ध गराउनुपर्नेछ ।

**८. <u>कार्यक्रम कार्यान्वयन निर्देशक समितिः</u>** (१) यस कार्यविधिमा उल्लेख गरिएको कुनै व्यवस्था कार्यान्वयनमा वाधा वा अड्चन आइपरेमा तत्काल त्यस्तो वाधा वा अड्चन फुकाई त्यसको निराकरण गर्न र नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने कृषक लक्षित कार्यक्रमलाई गाउँपालिका क्षेत्रभित्र कार्यान्वयनमा लैजान सम्पूर्ण नीतिगत व्यवस्था समेत गर्न गाउँपालिकामा देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन निर्देशक समिति रहनेछ।

| | |
|---|---|
| (क) गाउँपालिकाका अध्यक्ष | संयोजक, |
| (ख) गाउँपालिकाका उपाध्यक्ष | सदस्य, |
| (ग) आर्थिक विकास समिति संयोजक | सदस्य, |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य, |
| (घ) सम्बन्धित वडा अध्यक्ष | सदस्य, |
| (ङ) कार्यालयको आर्थिक विकास शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन निर्देशक समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ।
(३) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन निर्देशक समितिले चालु आर्थिक वर्षका लागि गाउँ सभा अधिवेशनबाट विनियोजित समपुरक कोष (चालु) बाट नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानको कृषक लक्षित कार्यक्रम र गाउँ सभा अधिवेशनबाट स्वीकृत यस कार्यविधि बमोजिमको कृषक लक्षित कार्यक्रमका लागि विनियोजित बजेटमा थप पचास प्रतिशतसम्मको रकम साझेदारी गरी कार्यक्रम सञ्चालनको व्यवस्था समेत मिलाउन सक्नेछ।

९. **<u>प्रचलित कानून बमोजिम हुने</u> :** यस कार्यविधिमा लेखिए जति विषय यसै कार्यविधि बमोजिम तथा अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची १**
**(कार्यविधिको दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

सिरीजङ्घा गाउँपालिका
.... नं. वडा कार्यालय, ।
मिति : २०८ । ।

सिरीजङ्घा गाउँपालिकाले तर्जुमा गरेको सिरीजङ्घाको सान, उद्यमशील किसान कार्यक्रम संचालन कार्यबिधि, (पहिलो संशोधन) २०८० को दफा नं. ३(१) मा भएको व्यवस्था अनुसार कार्यक्रम कार्यान्वयन निर्देशक समितिको सदस्य एवम् वडा अध्यक्ष श्री ..........................ज्यूको अध्यक्षतामा आज मिति ............................गते तपशिल बमोजिमको उपस्थितिमा बसेको बैठकले तपशिल बमोजिमको निर्णय पारित गरियो।

उपस्थितिः

श्री वडा अध्यक्ष
१ .नम्बर टोल विकास अध्यक्ष
२ .नम्बर टोल विकास अध्यक्ष
३ .नम्बर टोल विकास अध्यक्ष
४ .नम्बर टोल विकास अध्यक्ष
५ .नम्बर टोल विकास अध्यक्ष
६ .नम्बर टोल विकास अध्यक्ष
७ .नम्बर टोल विकास अध्यक्ष
८ .नम्बर टोल विकास अध्यक्ष
९ .नम्बर टोल विकास अध्यक्ष
वडा सचिव

प्रस्तावहरुः
प्रस्ताव नं. १
सिरीजङ्घाको सान, उद्यमशील किसान कार्यक्रम कार्यान्वयन गर्नका लागी बाली /बस्तु छनौट सम्बन्धमा।
निर्णय नं. १

.........................................................................................................................................
.........................................................................................................................................
..............................................
(नोटः निर्णयमा केरमेट गर्न पाईने छैन)

**अनुसूची २**

**(कार्यविधिको दफा ३ को उपदफा (२) सँग सम्बन्धित)**

मिति : २०८ । ।

**विषय : कृषि कार्यक्रममा सहभागी हुन चाहने कृषक लक्षित सूचना ।**

प्रस्तुत विषयमा सिरीजङ्घा गाउँपालिकाको "**सिरीजङ्घाको सान, उद्यमशील किसान कार्यक्रम सञ्चालन कार्यविधि, (पहिलो संशोधन) २०८०**" मा उल्लेखित प्रावधान बमोजिम एक वडा एक बाली/बस्तु छनोट गरी भई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र उक्त कार्यक्रममा सहभागिता जनाउन चाहनु हुने इच्छुक टोलबासी कृषकहरुले देहायमा उल्लिखित कागजात सहित यसैसाथ संलग्न आवेदन फाराम भरी यस गाउँपालिकाको सम्बन्धित वडामा आवेदन गर्नु हुन यस संस्थाको मिति २०८ । । गतेको निर्णयानुसार अनुरोध छ।

| वडा नम्बर | छनौट भएका बाली/बस्तु | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**<u>निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः</u>**

- कृषक समुह/ समिति/सहकारी संस्था/ कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- कृषक समुह/ समिति/सहकारी संस्था/ कृषि फर्मको स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
- कार्यक्रम सञ्चालन हुने स्थानको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा
- निवेदको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- कृषक समुह/ समिति/सहकारी संस्था/ कृषि फर्मको निर्णयको प्रतिलिपि

- कृषक समुह/समिति/सहकारी संस्था/कृषि फर्मले कम्तिमा ५ हेक्टर क्षेत्रफलमा अलैची खेति गर्दै आएको प्रमाण,

**पुनश्चः** यस कार्यक्रमका लागि गाउँपालिकाबाट प्रति समूह/सहकारी अधिकतम रु. २,००,०००।-(अक्षरुपी दुई लाख) सम्म उपलब्ध गराइने छ र २,००,०००।- (अक्षरुपी छ लाख ) बराबरको सम्बन्धित लाभग्रहीबाट साझेदारी रहनु पर्ने व्यहोरा समेत यसै सुचना द्वारा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकृत**

अनुसूची- ३

(दफा ३ उपदफा (३) सँग सम्बन्धित)

अनुदानग्राहीले पेश गर्ने आवेदनको ढाँचा

मिति:......................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सिरीजङ्घा गा.पा., ताप्लेजुङ।

**विषय: .................................. कार्यक्रममा सहभागी हुन पाउँ भन्ने बारे ।**

महोदय,

तहाँ कार्यालयको मिति ........................................ मा प्रकाशित सुचना वमोजिम ................................................................................ कार्यक्रममा सहभागी हुन पाउँ भनी सूचनामा उल्लेख भए बमोजिमका कागजातहरु सहित यो आवेदन पेश गरेको छु । साथै यस कार्यालयबाट विगत दुई वर्षमा यसै प्रकृतिको कार्यक्रमका लागि अनुदान नलिएको व्यहोरा समेत अनुरोध छ ।

निवेदक

नाम:

ठेगाना:

दस्तखत:

छाप:

**निवेदन साथ संलग्न कागजातहरु**

१. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना ।

२. समूह/ फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि । (समूह/फर्मको हकमा मात्र लागु हुने )

३. कार्यक्रम संचालन गर्ने स्थानको जग्गा धनिपूर्जाको प्रतिलिपि वा ५ वर्षे जग्गा लिजमा लिएको सम्झौता पत्रको प्रतिलिपि ।

४. समूहको वैठकको निर्णयको प्रतिलिपि । (समूहको हकमा मात्र लागु हुने )

५. नेपाली नागरिकताको प्रतिलिपि ।

६. वडा कार्यालयको सिफारिस ।

७. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपिहरु ।

## अनुसुचि ४
## (कार्यविधिको दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

### प्रस्तावको ढाँचा

### ............................................ कार्यक्रमको प्रस्ताव पत्र

| **क. कार्यक्रमको सामान्य परिचय** | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| दर्ता नं. | |
| सम्पर्क व्यक्तिको नाम | |
| टेलिफोन नंबर | |
| आवेदकको परिचय, अनुभव तथा हाल संचालन गरिरहेका क्रियाकलापहरु | |
| यस कार्यक्रम अन्तरगत संचालन गरिने प्रस्तावित क्रियाकलापहरु | |
| कार्यक्रमको जम्मा लागत रु. | |
| अनुदान माग गरेको रकम रु. | |
| कार्यक्रम संचालन गरिने स्थल | जिल्ला<br>गा.पा/न.पा<br>वार्ड नं.<br>टोल |

**ख. कार्यक्रम बाट हुने लाभान्वितहरुको विवरण**

| लाभान्वितको किसिम | संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | दलित | जनजाति | भूमिहिन | अन्य |
| कृषक | | | | | | | |
| व्यापारी | | | | | | | |

कार्यक्रममा सहभागी हुने कृषकहरु

| क्र.स. | कृषकको नामथर | वाली लगाउने क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**ग. कार्यक्रम संचालन पश्चात प्राप्त हुने उपलब्धी तथा प्रतिफलहरु**

१.
२.
३.
४.

**घ. संचालन गरिने क्रियाकलापहरुमा लागत साझेदारी**

| सिनं | क्रियाकलापको नाम | इकाइ | परिमाण | जम्मा लागत रु. | कृषकको लगानी रु. | सरकारी अनुदान रु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**ङ.** कार्यक्रम संचालन पश्चात वालीले ढाकिने क्षेत्रफल

| क्र.स. | वालीको नाम | ढाकिने क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

**च. अनुमानित उत्पादन तथा बिक्रि आम्दानि**

| सि.नं | उत्पादनको नाम | इकाइ | परिणाम | दर | जम्मा उत्पादनको बजारमुल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**छ. वातावरणमा नकारात्मक प्रभाव असर नपर्ने गरी कार्यक्रमको दिगोपना तथा निरन्तरता**

**ज. कार्यक्रम संचालनमा साझेदार हुन सक्न स्थानियत तह वा संघ संस्थाको विवरण**

| क्र.स. | साझेदारी गर्ने स्थानिय तह/संघ संस्थाको नाम/ठेगाना | साझेदारी किसिम | | कैफियत |
|---|---|---|---|---|
| १ | | नगद अनुदान रकम रु. | सामग्री सहयोगमा रकम रु. | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

नोटः प्रस्ताव तयार गर्दा आवश्यक परेको खण्डमा थप पाना प्रयोग गर्न सकिनेछ ।

**अनुसुचि ५**

**(कार्यविधिको दफा ४ सँग सम्बन्धित)**

**प्रस्ताव मूल्याङ्कनका आधारहरु**

| | **सूचकाङ्क आधार** |
|---|---|
| अ | **प्रमुख मापदण्ड(६५)** |
| १ | कार्यक्रम कमाण्ड क्षेत्रका लाभम्बित बर्ग (समुह/सहकारी/संस्था/समिति/फर्म)(१०) |
| २ | प्रस्तावित कार्यले समेट्ने क्षेत्रफल/ संख्या (१०) |
| ३ | सामाजिक एवं लैङ्गिक सहभागिता(महिला,पुरुष, दलित आदि)(१०) |
| ४ | प्रस्तावित कार्यले उत्पादन बृद्धि, प्रशोधन र बजारीजकरण पुग्ने सहयोग(१५) |
| ५ | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर(१०) |
| ६ | प्रस्तावित बालि/वस्तुको भौगोलिक एवं प्राबिधिक उपयुक्तता(१०) |
| आ | **सहायक मापदण्ड(३५)** |
| १ | प्रस्तावको आवश्यक कागजातको प्रक्रिया पूरा भएको(५) |
| २ | समान प्रकृतिका अनुदान सहयोगको पहुचँ नभएका समुह/सहकारी/संस्था/समिति/फर्महरु(५) |
| ३ | सहभागी लक्षित वर्गको नगत वा वस्तुगत योगदान परिमाण र प्रतिवद्धता(५) |
| ४ | प्रस्तावित बाहेक परियोजनाबाट लाभाम्वित हुन सक्ने अन्य(सहायक) लाभाम्वित वर्गहरु(५) |
| ५ | प्रस्तावित कार्यको सृजनात्मककता एवं नविनता(५) |
| ६ | आवेदकको संस्थागत क्षमता तथा कार्य अनुभव(५) |
| ७ | प्रस्तावित कार्य कृआषकको माग एवं आवश्यकता अनुरुप रहेको(५) |

## अनुसुचि ६

**मूल्याङ्कन समिति**

अनुदानग्राहीको मूल्याङ्कन गर्न देहाय बमोजिमको छनौट समितिको गठन गरिनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) कृषि/पशु स्वास्थ्य प्राविधिक - सदस्य

(ग) आर्थिक विकास शाखा प्रमुख -सदस्य सचिव

## अनुसूची ७

(कार्यविधिको दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**वडाको नामः** **कृषक लक्षित कार्यक्रमको नामः**

| सि.नं. | अनुदानका लागि छनोट भएका कृषकको नाम, थर | कार्यविधिले व्यवस्था गरेको कृषक छनोटको सूचक बमोजिमको कुल प्रासांक | अनुदानको प्रकार (वस्तुगत वा नगद वा भौतिक पुर्वाधार निर्माण अनुदान मध्ये कुनै एक उल्लेख गर्ने) | कार्यालयबाट उपलब्ध गराइने अनुदान वापतको रकम | कृषकले व्योहोर्नु पर्ने अनुदान साझेदारीको हिस्सा (कति रकम व्योहोर्ने हो सो खुलाउने) | अनुदान सम्झौता गरी सक्नु पर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| अनुदान प्राप्तिका लागि वैकल्पिक योग्यताक्रममा रहेका कृषकहरुको नामावली सहितको विवरणः | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

गाउँपालिका
अध्यक्ष

**अनुसुची-८**

## (कार्यविधिको दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**समझौता-पत्र**

सिरीजङ्गा गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय, तेल्लोक, ताप्लेजुङ/ सिरीजङ्गा गाँउपालिका ....... नं. वडा कार्यालय, ................. (यसपछि पहिलो पक्ष भनिने छ) र ................................................., सिरीजङ्गा गाँउपालिका वडा नं. ..................... (यस पछि दोश्रो पक्ष भनिने छ) बीच निम्न शर्तहरुको अधिनमा रही ............................................. टोलमा .............................गर्न दुवै पक्ष सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति बुझि लियौ दियौ ।

निम्न :-

१. दोश्रो पक्षले स्विकृत कार्यक्रम अनुसार ......................................... गर्नका लागि सम्झौता भएको मिति .................... देखि २ महिना भित्रमा कार्य सम्पन्न गर्नु पर्नेछ । साथै कार्य सम्पन्न पश्चात हरेक ३ महिनामा प्रगति विवरण उपलब्ध गराउनुपर्नेछ ।
२. बुँदा नं. १ बमोजिमको कार्य गरे वापत प्रथम पक्षले दोश्रो पक्षलाई अनुमानित खर्च रु .......................को पचास प्रतिशतले हुन आउने रु .......................बराबर कूल रकम भुक्तानी गरिने छ ।
३. पहिलो पक्षले दोश्रो पक्षलाई पेश्की उपलव्ध गराउने छैन ।
४. कृषक/समुह/फर्मले ................................ गर्नका लागि गाउँपालिकाबाट तयार गरिएको स्वीकृत अनुमानित खर्च रु .....................भन्दा बढी खर्च हुन आएमा सो बढी खर्च वापतको रकम कृषक समुह स्वयंले नै व्यहोर्नु पर्नेछ।
५. दोश्रो पक्षले प्रथम पक्षलाई तथा सम्वन्धित वडालाई विउ रोप्ने कार्यको थालनी गरेको विषयमा मौखिक रुपमा जानकारी गराउनु पर्नेछ ।
६. पहिलो पक्षले जुनसुकै बखत अनुगमन गर्न सक्नेछ ।
७. दोश्रो पक्षले काम सम्पन्न भएपछि विल, भर्पाइ तथा सम्वन्धित वडाको सिफारिस र सम्वन्धित वडा कार्यालयमा रहेको कृषि प्राविधिकको प्रतिवेदन सहित भुक्तानीको लागि प्रथम पक्ष/ वडा कार्यलयमा निवेदन पेश गर्नु पर्नेछ ।
८. काम सम्पन्न गर्ने कृषक समुहको रकम सम्वन्धित गाउँपालिकाको कार्यालय मार्फत नै एकमुष्ट भुक्तानी हुनेछ ।
९. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।
१०. सम्झौता अनुरुप काम नगर्ने पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ | सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा दोश्रो पक्षबाट १००% जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ |

**दोश्रो पक्षको तर्फबाटः**

हस्ताक्षरः
नामः
कार्यालयः

**प्रथम पक्षको तर्फबाटः**

हस्ताक्षरः
नामः
कार्यालयः

कार्यालयको छापः                    कार्यालयको छापः

**रोहवरः**

हस्ताक्षरः                    हस्ताक्षरः

नामः                    नामः

पदः                    पदः

## अनुसूची-९

### लागत साझेदारको प्रतिवद्दता

सिदिङ्वा गाउँपालिका कृषि शाखाको ...........................मिति ......................को प्रकाशित सुचना अनुसार सिदिङ्वा गाउँपालिका .......नं.वडा .................गाउँ/टोल स्थायी ठेगाना भएको श्री ......................................................................ले लागत साझेदारीमा .............................कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु ...............को ,.............प्रतिशतले हुन आउने रु.................अक्षेरुपि..................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोर्ने कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्द्ता जाहेर गर्दछु ।

**निवेदकको**

| दाया | बाया |
|---|---|
| | |

दस्तखतः

नामः

मितिः

संस्थाको छापः

## <u>अनुसूची -१०</u>

### समान प्रकृतिको अनुदान नलिएको स्व-घोषणा

सिरीजङ्घा गाउँपालिका कृषि विकास शाखाको ..........................मिति ................को सूचना अनुसार सिदिङ्वा गाउँपालिका ....नं.वडा.............गाउँ/टोल स्थायी ठेगाना भएका श्री....................................ले लागत साझेदारीमा .............................कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना संग मेल खाने कार्यका लागि विगत ३ वर्ष भित्र संघिय सरकार वा प्रदेश सरकारको मातहातका मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रबाट अनुदान नलिएको स्व-घोषणा गर्दछु |अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद लगायत नियामानुसारका अन्य सजाय भोग्न समेत तयार छु |

**<u>निवेदकको</u>**

| दाया | बाया |
|---|---|
| | |

दस्तखत :

नाम :

मिति :

संस्थाको छाप :

## <u>अनुसूची -११</u>

**(कार्यविधिको दफा ७ को उपदफा (क) सँग सम्बन्धित)**

## अनुगमनको ढाँचा

आज मिति ...................का दिन सिरीजङ्घा गाउँपालिका उपाध्यक्ष तथा अनुगमन समितका संयोजक श्री ........................को उपस्थितिमा देहाय बमोजिमको अनुगमन समितिले यस गाउँपालिकाको चालु आर्थिक वर्ष ........ मा सिरीजङ्घाको सान, उद्यमशील किसान कार्यक्रम कार्यक्रम अन्तर्गत ........ .नं वडाको श्री ...........................................................ले सम्पुर्ण कार्यक्रमको स्थलगत अनुगमन गरी देहाय बमोजिमको विवरण अनुसारको भुक्तानीको लागि प्राविधिक मुल्याङ्कन सहित सिफारिस गर्दछौं।

**<u>अनुगमनकर्ताहरु</u>**

| | |
|---|---|
| १. वडा अध्यक्ष | श्री |
| २. वडा सदस्य | श्री |
| ३. कृषि प्राबिधिक | श्री |
| ४. टोल बिकास संस्थाका अध्यक्ष | श्री |
| ५. वडा सचिव | श्री |

**<u>विवरण</u>**

सामाग्रीहरुको विवरण :
खेती गरिएको जग्गाको परिमाण :
खेती गरिएको बिउ/बेर्ना/बोटको परिमाण :

उत्पादन परिमाण :

उत्पादन समस्याहरु (रोग किरा भए नाम सहित) :

बिक्रि वितरण गरेको भए सो को परिमाण :

कार्यक्रम लागत अनुमान अनुसारको भए/नभएको:
स्याहार सम्भारको अवस्था:
कृषकले सुधार गर्नुपर्ने कुराहरु:
योजनाको कुल लागत:
गाउँपालिका बाट प्राप्त अनुदान:
भुक्तानी दिन मिल्ने/नमिल्ने:
समग्र मुल्याङ्कन :

**आज्ञाले,**
**श्री मधुर नेपाली**
**प्रमुख प्रशासकीय अधिकृत**
**सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ।**